महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
मुसिकोट नगरपालिका
रुकुम

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था ह'ने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	(Independence)
निष्ठा	(Integrity)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)
व्यावसायिकता	(Professionalism)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.१२३

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
मुसिकोट नगरपालिका, नगरकर्यपालिकाको कार्यालय,
रुकुम पश्चिम ।

कैफियत सहितको राय

हामीले मुसिकोट नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ४५ लाख ८४ हजार बेरुजू देखिएको छ। सो उपर प्रतिकृया प्राप्त नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.११ लाख १५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२८ लाख २० हजार, र पेश्की रू.६ लाख ४८ हजार रहेको छ । पालिकाको गतवर्ष १५ करोड ३० लाख १५ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट कुनै बेरुजु फछ्र्यौट नभएकोले एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू.१५करोड ७६ लाख ३४ रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

मुसिकोट नगरपालिका
बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या			असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम							
४१	६	४५८४	०	०	०	४१	६	४५८४	१११६	०	२८२०	०	०	२८२०	६४८

अद्यावधिक बेरुजू स्थिति
२०७७।७८

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको फछ्र्यौट	बाँकी बेरुजू	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रुकुम पश्चिम	१५३०५१	०	०	१५३०५१	०	४५८४	१५७६३५

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : मुसिकोट नगरपालिका, रुकुम , मुसिकोट नगरपालिका , रुकुम पश्चिम भाग

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Sher Bahadur Pun	२०७७-११-१८	हाल सम्म कार्यरत
लेखा प्रमुख	Narendra Bista	२०७८-२-१७	
		बेरुजु रकम	४,५८४,३२६

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५,४७,४९,१६२.८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५८,२६,१५,७२३.६	चालु खर्च	४१,१९,७४,८८१.०८
प्रदेश सरकारबाट अनुदान	६,२९,३६,३६५	पूँजीगत खर्च	२१,९७,०९,०५२
राजश्व बाँडफाँट	७,९४,९३,५९६.५५	वित्तीय/अन्य व्यवस्था	१०,१०,७०,८३६.३
आन्तरिक आय	१,६४,०८,५६२.७९		
अन्य आय	२,८७,१७,७९५.५५		
कुल आय	७७,०१,७२,०४३.४९	कुल खर्च	७३,२७,५४,७६९.३८
बाँकी मौज्दात		९,२१,६६,४३६.८९	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**स्थानीय सञ्चितकोषः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम आर्थिक वर्ष २०७७।७८ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः **नगर कार्यपालिकाको आय व्यय विवरण** **आ.ब. २०७७।७८**	

https://nams.oag.gov.np

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		54749162.80	१	**चालु खर्च**		411974881.08
	क) नगद			२	**पूँजीगत खर्च**		219709052.00
	ख) बैँक संचितकोष	36174595.80		३	**वित्तिय व्यवस्था भुक्तानी**		
	ग)धरौटी खाता	16501944.00					
	घ)प्रकोप ब्यबस्थापन कोष	1572623.00					
	ङ) बिबिध कोष खाता	500000.00					
२	**राजस्व (आन्तरिक आय)**		96922953.34		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	16408562.79			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	79493596.55			ग) अन्य भुक्तानी		
	ग)बिभाज्यकोष खाता	1020794.00			प्रकोप ब्यबस्थापन खर्च		
	ग) अन्य आय			४	**लगानी**		
३	**वित्तिय हस्तान्तरण संघ**		582615723.60		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	117400000.00			शेयर लगानी		2000000.00
	ख) सशर्त अनुदान	439081723.60			अन्य लगानी		1000000.00
	ग) समपूरक अनुदान	11134000.00		५	**धरौटी फिर्ता**		4997262.00

					धरौटी सदर स्याहा		85125.00
	घ) विशेष अनुदान	15000000.00		६	**जनश्रमदान फिर्ता**		
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		62936365.00	७	**कोष फिर्ता**		
	क) वित्तिय समानीकरण अनुदान	10052000.00		८	**मौज्दात**		
	ख) सशर्त अनुदान	28596365.00			क) बैंक मौज्दात संचितकोष खाता		61246566.14
	ग) समपुरक अनुदान	18288000.00			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान	6000000.00			ग) प्रकोप ब्यवस्थापन कोष खाता		2506739.00
					घ)बिबिध खर्च खाता		531282.75
				९	**शसर्त अनुदान फिर्ता**		92988449.32
५	**अन्तर स्थानीय तहबाट प्राप्त**			१०	**गत बर्षको बढी अल्या**		
६	**अन्य**			११	**जनश्रमदान मौज्दात**		
	क) क्षेत्रीय शहरी विकास योजना			१२	**धरौट मौज्दात**		26361055.00
				१३	**कोष खाताको मौज्दात**		
	ख)बिबिध खर्च खाता		7620503.55		**क)बिभाज्यकोष खाता**		1020794.00
	ग) पर्यटन बोर्ड नेपाल				ख) बिबिधकोष खाता		500000.00
	घ) एन एन एस डब्लु ए						

७	विभिन्न कोषतर्फको आय						
८	जनसहभागिता (नगद)						
९	विषयगत निकायबाट प्राप्त						
१०	धरौटी आय		14941498.00				
११	लगानीको साँवा फिर्ता						
१२	अन्य विविध आय						
13	प्रकोप ब्यबस्थापन कोष		5135000.00				
	जम्मा		**824921206.29**		जम्मा		**824921206.29**

उल्लेखित आर्थिक कारोबारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेश गरिएको बार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरु, लिखित प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ ।
लेखापरीक्षण ऐन, २०७५ को दफा ४ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मानदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निक्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ ।
सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।
उल्लेखित कारोवारको लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरु सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरुसँग मिति २०७८।६।१९ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरु निम्नानुसार रहेका छन् ।

आन्तरिक नियन्त्रण प्रणालीःआर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। ऐन अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरेर लागु गर्नु पर्दछ । पालिकाले आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागु गरेको देखिएन । पालिकाको आन्तरिक नियन्त्रण प्रणालीमा देखिएका कमजोरी निम्नानुसार रहेका छनः÷

· पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखी आर्थिक वर्षभर संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

· आर्थिक वर्ष २०७७।७८ को श्रेस्ता र बैंकबीचको अन्तिम वैंक मौज्दात फरक परे वा नपरेको सम्बन्धमा बैंक हिसाब मिलान विवरण तयार गरेको पाईएन ।

· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम खर्चको संरचना तयार गरेको पाईएन ।

· वडागत रुपमा लक्षित राजस्वको लक्ष्य निर्धारण गरेको पाईएन ।

· उपभोक्ताले खरिद गरेको माल सामानको परिमाण नापी कितावमा भिडान गरेको पाईएन ।

· एकीकृत सम्पत्ति तथा जिन्सीको एकीकृत लगत विवरण तयार गरी प्रतिवेदन तयार गरेको पाईएन ।

· पालिकाको जिन्सी सामानको एकीकृत विवरणमा कतिपय जिन्सी सामानहरुको साहायक जिन्सी खाता बेगर वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको देखाईएको छ भने मूल जिन्सी खाता अद्यावधिक गरेको देखिएन ।

· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

· कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 अनुसार खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको पाईएन।

· ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्काको लगत खाता म-ले-प-फा-नं- ५०६ र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

· नापी किताव म-ले-प-फा-नं-५०३ दिर्घकालसम्म सुरक्षित हुने र एकै कितावमा सम्पुर्ण निर्माण लागत देखिने गरी तयार पारी जिन्सी दाखिला समेत गरी सुरक्षित गरेको देखिएन ।

· स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74

(2) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।

· सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

· संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न (योजना) निर्माण कार्य गर्न (सम्झौता) गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

· सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा केहीमा पालना भएको पाईएन।

· सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न संयन्त्र तय गरेको पाईएन ।

· आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४१ अनुसार खर्च भएको सुनिश्चितता हुने गरी कागजात तयार भई भुक्तानी गरेको पाईएन ।

· कर्मचारीको कार्य विवरण बनाई लागू गरेको पाईएन ।

· विषयगत कर्मचारीहरुको पुर्णरुपमा तलबी प्रतिवेदन पारित गरेको देखिएन ।

· विषयगत कार्यक्रम तर्फ खर्च गर्ने कार्यविधिहरु संघीय कानुन अनुसार तयार गरेको पाइएन ।

· विषयगततर्फ दिर्घकालिन सोच अनुसार उत्पादनमुखि योजना छनौट गरी कार्यान्वयन उन्मुख भएको पाइएन।

· शिक्षा तर्फ शिक्षक तलव,छात्रवृत्ति, पाठ्य पुस्तक, दिवा खाजा,शैक्षिक सुधार लगायत विद्यालयको खातामा निकासा दिएको र राष्ट्रपति सुधार कार्यक्रम तर्फ खाता रोक्का राखि निकासा भुक्तानी गरेकोमा उद्वेश्य अनुरुप खर्च भए नभएको पुर्ण हाजिरी, वितरण भरपाई, कार्यसम्पन्न प्रतिवेदन समावेश भएको तथा शैक्षिक अवस्था अनुगमन र प्रतिवेदन गरेको पाईएन ।

· प्रधानमन्त्री स्वरोजगार कार्यक्रम तर्फ सञ्चालित आयोजना सम्पन्न गर्न लाग्ने कुल ज्याला मात्र निर्धारण र सोहि अनुसार सुचिकृत वेरोजगार श्रमिक परिचालन भएको पाईएन ।

· गो.भौ.नं. ३५।२०७७।८।२५ बाट २ विद्यालयको नाममा रहेको रु. २८,८४,०००.०० निर्माण कार्यको पेश्की फछ्र्यौट निवेदन दर्ता नहुनाका साथै प्रमाणित भएको देखिएन । निर्धारित विधि पुरा गरि पेश्की फछ्र्यौट गर्नु पर्दछ ।

· विभिन्न सहकारीलाई घुम्तिकोष रकम उपलव्ध गराएकोमा लगत राखेको छैन । घुम्तिकोषको लगत अद्यावधिक गरी व्यवस्थित गर्नुपर्दछ ।

· नगरपालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी अस्थाई तथा करार सेवामा कर्मचारी नियुक्ति गरेको छ । करार सेवाका कर्मचारी पारिश्रमिक रु. १,३८,१२,६५३.०० तथा नगर प्रहरी पारिश्रमिक रु. २९,०५,५००.०० गरी जम्मा रु. १,६७,१८,१५३.०० भुक्तानी गरेकोमा दीर्धकालिन श्रोत सुनिश्चितता गरेको देखिएन । दीर्घकालिन दायित्व श्रृजना हुने निर्णयमा श्रोत व्यवस्थापन समेत ध्यान दिनुपर्ने देखिन्छ ।

· जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसारका सुझाव पालना गरी जिन्सि व्यवस्थापन मजबुत बनाउनु पर्दछ ।

· पालिकाको आन्तरिक लेखापरीक्षणले २०७८।६।१४ मा २५.३ दफा सम्मको सुझाव सहितको प्रतिवेदन दिएकोमा लेखापरीक्षण अवधिसम्म सुधार भएको छैन । सुझाव अनुसार सुधार गरी आन्तरिक नियन्त्रण व्यवस्था प्रभावकारी बनाउनु पर्दछ ।

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सवल र सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२

चौमासिक खर्च:

वार्षिक कार्यवोझलाई सरल रुपमा सम्पन्न गर्न चौमासिक रुपमा कार्यलक्ष्य तथा कार्यक्रम तयार गरी सम्पन्न गर्नुपर्ने पर्दछ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । विवरण अनुसार चौमासिक खर्च प्रणाली तेश्रो चौमासिक र वर्षान्तमा धेरै रहेको छ । तेश्रो चौमासिक तथा आषाढ मसान्तमा हतारमा काम गराई सम्पन्न गर्दा गरेको कार्य गुणस्तरीय र दिगो नहुन सक्दछ । चौमासिक रुपमा कार्यलक्ष्य तय गरी सोहि अनुसार समयमा कार्यसम्पन्न गरी प्रगति हासिल गर्न पर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च रु हजारमा			
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
विभिन्न	२१९९०८	१०२९९	२२४८६	१८७१२३	१६२२९५
प्रतिशत	१००	५	१०	८५	७४

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. २१,९९,०७,६९०।०० निकासा भएकोमा प्रथम चौमासिकमा ५ प्रतिशत रु.१,०२,९९,०८२।००, दोश्रो चौमासिकमा १० प्रतिशत रु.२,२४,८५,६४३।००,तेश्रो चौमासिकमा ८५ प्रतिशतरु. १७,७१,२२,९६५।०० र आषाढ महिनामा ७४ प्रतिशत रु. १६,२२,९५,७९६।०० खर्च भएको देखिएको छ । तेश्रो चौमासिक र असार महिनामा खर्च बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

३

आन्तरिक ऋणः

स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ६८बमोजिम नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा सम्बन्धित नगरसभा बाट स्विकृत गरी उत्पादनशील, रोजगारमूलक, आन्तरिक आय वृद्धि तथा पुजिगत कार्यका लागि आन्तरिक ऋण लिन सक्ने व्यवस्था छ । वित्तिय विवरणक व्यहोरा परीक्षण गर्दा नगरपालिका ले यो वर्ष स्थानीय सरकार संचालन,२०७४ बमोजिम ऋण लिई लेखाङ्कन गरेको देखिँदैन । आन्तरिक ऋण समेत प्रभावकारी रुपले परिचालन गरी आर्थिक अभिवृद्धि गरिनु पर्दछ ।

४

स्थानीय तथ्यांक र अभिलेखः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन,अभिलेख र सो को व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानुन र सोको मापदण्ड वनाएको पाईएन । स्थानीय तहका हरेक प्राथमिकिकरणका

			क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।	
५			**विभाज्य कोष :** आर्थिक वर्षको अन्तसम्म विभाज्य कोष खातामा भएको कुल आम्दानी रु. २५,५१,९८५.०० को ६० प्रतिशतले हुन आउने रु. १५,३१,१९१.०० नगरपालिकाको खर्च खातामा ट्रान्सफर गरेको देखियो । बाँकी ४० प्रतिशतले हुन आउने रु. १०,२०,७९४.०० प्रदेश सरकारलाई पठाउनुपर्नेममा पठाएको छैन । मौज्दात कायम गरेको रकम सम्वन्धित सरकारमा पठाउनु पर्दछ ।	१,०२०,७९४
६			**सेवा प्रवाहः** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सवैले देख्ने ठाउँमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पुरा गर्नु पर्ने कार्यविधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयावधि र सेवा प्राप्त कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सोको विवरण खुलाई नागरिक वडापत्र राख्नु पर्ने र सो वमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने व्यवस्था छ । तर पालिकाले सेवा प्रदान गरेको अभिलेख व्यवस्थित रुपमा राखेको नदेखिएको पालिकालवाट प्रदान गरिने सेवाहरुको अभिलेख व्यवस्थित गरी नगरपालिकावाट दिने सेवा सुविधामा वृद्वी गरी छिटो छरितो र प्रभावकारी तवरले सेवा प्रवाह गरिनु पर्दछ ।	
७			**बैक हिसाब मिलान :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । उपलव्ध गराएको विवरण अनुसार पालिकाको निम्नानुसार खातामा आर्थिक वर्षको अन्त्यमा श्रेस्ता अनुसार रु. **३,५३,३१,३२६.४६** र वैंक स्टेटमेन्ट अनुसार रु **९,९३,१०,७६३.८९** वढी रु. **६,३९,७९,४३७.४३** रहेको छ । पालिकाको श्रेस्ता र वैंक स्टेटमेन्ट अनुसार फरक सम्वन्धमा वैंक खाता अनुसार हिसाव मिलान विवरण तयार गरी फरक परेको कारण सहित आवश्यक व्यवस्थापन गर्नु पर्दछ ।	

खाताको प्रकार	श्रेस्ताअनुसार२०७८/०३/३१	बैंकस्टेटमेन्ट अनुसार	कैफियत
संचित कोषखाता	४४११४५५.७१	४९८४२५५.७१	सामाजिकसुरक्षाको पैसा बैंकले संचित कोषमा फिर्ता
चालु खर्च खाता	०	२६५८२४७५.७७	संचित कोषमा फिर्ता तथा चेक साँटिन बाँकि रहेको
पुँजिगत खर्चखाता	०	३६५०४५४५.६६	संचित कोषमा फिर्ता तथा चेक साँटिन बाँकि रहेको
धरौटी खाता	२६३६१०५५	२६३६१०५५	
प्रकोप व्यबस्थापन कोष खाता	२५०६७३९	२८२६३५५	चेक साँटिनबाँकि रहेको
विविध खर्चखाता	५३१२८२.७५	५३१२८२.७५	
विभाज्य कोषखाता	१०२०७९४.	१०२०७९४.००	
विविध कोष खाता	५०००००	५०००००	
आन्तरिक राजश्वखाता	०.००	०.००	
आन्तरिक अनुदानखता	०.००	०.००	
बाँडफाँडबाटप्राप्त राजश्व	०.००	०.००	
जम्मा	**३५३३१३२६.४६**	**९९३१०७६३.८९**	**०.**
फरक	**६३९७९४३७.४३**		

८

ठेक्का व्यवस्था:

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । नगरपालिकाले वोलपत्रको सूचना प्रकाशित गरी स्वीकृत भएको ठेक्कामा वोलपत्रदाताले लागत अनुमानको तुलनामा २ प्रतिशत देखि ५९ प्रतिशत सम्म घटिमा काम गर्ने गरी ठेक्का कवुल गरेको देखिन्छ ।

उदाहरणका लागि केही ठेक्काका विवरण देहायमा उल्लेख छ ।लागत अनुमानको तुलनामा धेरै प्रतिशत घटिमा काम गर्ने गरी गराएको कार्यमा सामाग्रीको निर्धारित गुणस्तर र परीमाणमा कार्य भएको सम्वन्धमा यकिन हुने देखिएन । नगरपालिकामा उपभोक्ता समिति, दरभाउपत्र तथा वोलपत्रको माध्यमबाट समेत धेरै संख्यामा निर्माण कार्य हुने र अनुगमन, निरिक्षण र गुणस्तर निर्धाण गर्न प्राविधिकको संख्या सिमित भएको देखिन्छ । निर्माण कार्य तोकिएको समय भित्र निर्धारित गुणस्तर र परिमाणमा सम्पन्न गराउन पालिकाले ध्यान दिनु पर्दछ ।

(रु. हजारमा)

क्र सं	विवरण	ठेक्का नं	लागत अनुमान	सम्झौता रकम	घटी प्रतिशत
1.	सल्ले कैलिदेउ सडक	१।०७७।७८	११६३१	५७७४	५०
2.	साँख-झरिगाउँ भुलखेत सडक	२।०७७।७८	१२०११	६००७	५०
3.	वराहटाकुरा सालघारी सडक	३।०७७।७८	११३६०	६१९१	४५
4.	खानेपनी योजना (एक घर एक धारा)	१।०७७।७८	१२८२०	७६८२	४०
5.	फ्युनरल हाउस निर्माण	१।०७७।७८	१९२८	१३६५	२९
6.	सोलाववांग घ्यूखोला सडक स्तरोन्नती	१ए।०७७।७८	४४०६	१७८६	५९
7.	सल्ले कैलिदेउ सडक स्तरोन्नती	१ए।०७७।७८	६०७६	२५३८	५८
8.	वराह टाकुरा पिपलनेटा सडक स्तरोन्नती	३ए।०७७।७८	४०८०	२२७७	४४
9.	साँ झरिगाउँ झुलखेत सडक स्तरोन्नती	२ए।०७७।७८	६१०२	२५७२	५७
10.	प्रिफ्याव भवन निर्माण	१।०७७।७८	२४३५	२३९५	२
11.	सि सि टि भि जडान	४।०७७।७८	१५५७	१४९७	४
	जम्मा				

९

प्रवर्द्धनात्मक कार्यक्रमः

नगरपालिकाले वार्षिक कार्यक्रम तथा वजेटमा समावेश गरी स्थानीय कृषक तथा पशुपालक किशानालाई उत्पादन प्रोत्साहन र व्यावसायिकरणमा योगदान पुर्याउने कार्यक्रम अनुसार कृषि तथा पशुपालन क्षेत्रमा विउ वितरण,औषधी व्यवस्थापन, तरकारी वाली संरक्षण, फलफुलका विरुवा वितरण जस्ता कार्यका लागि लेखापरीक्षणका लागि पेश भएको विवरण अनुसार देहायमा उल्लेखित कार्यमा खर्च भएको छ । कृषकको परम्परागत कृषि शैलिमा सुधार गर्ने उन्नत जातका विउ तथा नस्ल प्रर्वद्वन गर्ने र समग्रमा कृषि तथा पशुजन्य उत्पादन वृद्धि गरी आयआर्जन गरेपनि यसवाट भएको उपलव्धी र परेको सकारात्मक प्रभावको मुल्यांकन गर्ने प्रभावकारी संयन्त्र तयार भएको देखिएन । वितरणमुखि र जीवनशैली सुधारका कार्यक्रमको प्रभावका सम्वन्धमा अनुगमन गरी उपलव्धी समेतको मुल्यांकन गरी व्यहोरा देहायमा उल्लेख छ ।

भौ नं	विवरण	संलग्न निकाय	परिमाण	भुक्तानी
४।०७७।६।२७	गहुँको विउ	खाद्यान्न तथा तरकारी विउ उत्पादन समुह	३००० के जी	२१०००००
९।०७७।७।२०	करेशावारी तरकारी र कम्पोष्ट मल	प्रेम वहादुर खत्रि	विभिन्न	१९७७५०
११।०७७।७।२०	मुला विउ खरिद	विउ उत्पादन सहकारी संस्था लि	२५ ग्रामको ५०० पाकेट	३५०००
१३।०७७।८।२२	पशु स्वास्थ्य	चितवन भेट सेन्टर	विभिन्न १९ प्रकार	३०००००
१४।०७७।८।२२	पि भि सी नेपाल १२*६ मि	मल्ला हार्डवियर एण्ड जनरल अर्डर स्टोर, रुकुम	५२ पिस	३१९७९९
१५।०७७।८।२२	कालो प्लाष्टिक,स्प्रेयर टंकी	न्यू साइकुमारी एग्रोभेट सेन्टर एण्ड सप्लायर्स	९६ के जी भन्दा वढि	२१७२००
१७।०७७।९।२७	डिजिटल मिसी सोयल किट	किसान एग्रो कन्सर्न प्रालि, नयाँवानेश्वर	१	३५००००
१८।०७७।१०।५	च्याउ विउ, टनेल, कालो प्लाष्टिक	न्यू साइकुमारी एग्रोभेट सेन्टर एण्ड सप्लायर्स	विभिन्न	१६२६००
३२।०७८।१।१३	चारा मेशिन (लागत साझेदारी भैसीं पालन)	चितवन भेट सेन्टर	१० मे ट	१५००००
३४।०७८।१।२६	ओखर विरुवा	टेक डिपोट प्रा लि, काठमाडौं	४००० थान	१६९६०००
३७।०७८।२।२५	यूवा लक्षित च्याउ टनेल	विभिन्न	विभिन्न	४५०००
४३।०७८।३।२५	लागत साझेदारीमा वाखा प्रर्वधन	केयर फार्मा नेपाल प्रा लि		९७६०००
५१।०७८।३।२७	वाँझो जमिनमा फलफुल वँगैचा(सुन्तला)	सुवास फलफुल नर्सरी प्रा लि	३९९० थान	१४९७५०
४४।०७८।२५	उन्नत जातको भैंसी खरिद	५ कृषक समुह	५० गोटा	२०३०००००

९.१

भैंसी प्रर्वधनः नगरपालिका पशुसेवा शाखाको ०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा भैंसी प्रर्वधन कार्यका लागि लागत सहभागिता समेत रु ४३लाख ६० हजारको वजेट व्यवस्था भएको देखियो । भैंसि खरिदका लागि पालिकावाट ३ पटकसम्म वोलपत्र आह्वान भएकोमा कुनै पनि वोलपत्र पेश नभएको पालिकाले जनाएको छ । वोलपत्र पेश हुन नआएकोले पालिकाले कृषक समुहसँग सहकार्य गरी भैंसि खरिद गर्ने निर्णय गरे अनुसार लागत साझेदारीमा पशुपंक्षी प्रर्वधन कार्यक्रम संचालन प्रकृया सम्वन्धी मार्गदर्शन, २०७७ र कोभिड महामारीको अवस्थालाई मध्येनजर गरी देहाय अनुसारका कृषक समुहलाई पायक पर्ने स्थानवाट प्रति समुह १० भैंसी खरिद गर्न सम्झौता गरी रु ४० लाख अनुदान भुक्तानी गरेको छ । समुहले

https://nams.oag.gov.np

मुर्रा क्रस जातका भैँसी खरिद गरी वितरण गरेको भरपाइको आधारमा भुक्तानी फरफारक गरेपनि मुल्य अनुसारका स्वस्थ्य भैँसी खरिद, खरिद पछिको पालन अवस्था साथै दुध उत्पादन तथा पशुपालन क्षेत्रमा परेको सकारात्मक प्रभावका सम्वन्धमा अनुगमन गरेको देखिएन । पारदर्शी अनुदान व्यवस्था मार्फत अनुदानित कार्यक्रमको प्रभावकारीता अनुगमन गरी भविष्यमा सञ्चालन गर्ने कार्यक्रम निर्धारण गर्ने सम्वन्धमा उपयुक्त व्यवस्थापन गर्नु पर्दछ ।

क्र सं	भैँसिपालन कृषक समुह	ठेगाना	अनुदान रु	समुह साझेदारी	संख्या
१	परिवर्तनशिल	मु.न.पा.-११	८०००००	६९२५०	१०
२	महाकाली	मु.न.पा.-१४	८०००००	६९२५०	१०
३	नमुना	मु.न.पा.-१२	८०००००	६९२५०	१०
४	जनजागरण	मु.न.पा.-१३	८०००००	६९२५०	१०
५	मुसी सहयात्री	मु.न.पा.-४	८०००००	६९२५०	१०
	जम्मा		**४०००००० ३९६२५०**		**५०**

९.२

बाख्रा प्रर्वद्धनः वाख्रा प्रवर्द्धन कार्यक्रमको लागिआर्थिक वर्ष २०७७।७८ मा नगरपालिकाको लागत साझेदारी हुने गरी सशर्त वजेट तर्फ रु १० लाख र नगरपालिकाको रु १० लाख समेत रु २० लाखमा २०७७।९।२१ को दरभाउपत्र अनुसार १५० गोटा वाख्रा रु १८४२०००।०० खरिद गरी ५ समुहमा ५० जनालाई वितरण गरेको छ । त्यस्तै प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सशर्त तर्फ विनियोजित रु १५ लाख र नगरपालिका साझेदारी नभएकोले ५० प्रतिशत कृषक साझेदारीमा छनौट भएका ४ समुहका सदस्यले खरिद गरेको विलभरपाईको आधारमा ८० वटा वाख्रा वितरण गरी रु १२ लाख खर्च भएको छ । शिलवन्दी दरभाउपत्रवाट खरिद भई २०७८।२।१७ को सम्झौता अनुसार केयर नेपाल प्रा लि नेपालगञ्जले उपलव्ध गराएका,गाडी मार्फत चलान भएका,वितरण भएका,भुक्तानी विवरणमा उल्लेख भएका र भरपाईमा उल्लेखित वाख्रासँख्या एक आपसमा मेल खाएको छैन । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम तर्फ समुहले व्यक्ति मार्फत खरिद गरेको भरपाई, समुहका सदस्यलाई वितरण गरेको

भरपाई संलग्न गरेको र लागत साझेदारी नगदमा भएको देखिएन । वास्तविक वितरण संख्या यकिन हुने गरी कार्यक्रम सञ्चालन, व्यवस्थापन तथा अनुगमन गर्नु पर्दछ ।

क्र सं	कृषक समुह	ठेगाना	अनुदान रु	समुह साझेदारी	संख्या
1.	हजारी वाख्रापालन कारेदह कृषक समुह	मु.न.पा.-१	१८४२०००	नगरपालिका साझेदारी	३०
2.	संयुक्त वाख्रापालन कृषक समुह	मु.न.पा.-५			३०
3.	जनजागरण वाख्रापालन कृषक समुह	मु.न.पा.-६			३०
4.	सूर्यमुखी वाख्रापालन कृषक समुह	मु.न.पा.-७			३०
5.	काब्रिबास यूवा बाख्रापालन कृषक समुह	मु.न.पा.-८			३०
6.	घट्टेखाला बाख्रापालन कृषक समुह	मु.न.पा.-८	३००००	३००००	२०
7.	लेकाली महिला बाख्रापालन कृषक समुह	मु.न.पा.-८	३००००	३००००	२०
8.	लालिगुराँस बाख्रापालन कृषक समुह	मु.न.पा.-८	३००००	३००००	२०
9.	छवी बहुउद्वेश्यिय सहकारी संस्था लि.	मु.न.पा.-१०	३००००	३००००	२०
	जम्मा		**३०४२०००**		**२३०**

१०

तारजाली खरिदः

कार्यालयले आवश्यकता अनुसार मर्मत कार्यमा प्रयोग गर्नेगरी गो भौ नं ११२।०७७।९।२६ वाट ग्याविन जाली खरिद वापत सिद्वार्थ हार्डवेयर एण्ड सप्लायर्स प्रा लि लाई रु. ४,७९,४००।००भुक्तानी गरेको देखियो । खरिद भएको तारजालीको आर्थिक वर्षको अन्त्य सम्ममा पनि उपयोगको अवस्था देखिने गरी नापी किताव तयार गरी व्यवस्थित गरेको छैन । वितरण र प्रयोगको अवस्था यकिन नहुने कार्यमा खर्च गरी खरिद गरेको नियमित देखिएन । प्रयोग अवस्था सुनिश्चित गरी माग आवश्यकताका आधारमा खरिद तथा प्रयोग गर्नु पर्दछ । वितरणको भरपाईको छुट्टै फाइल रहेको कार्यालयले जनाएको छ ।

https://nams.oag.gov.np

११			**पाइप जडानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार प्राविधिक नापजाँच गरी मेजरमेन्ट कितावमा उल्लेख भए अनुसार प्रकृया पुरा गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गरिवसँग विश्वेश्वर कार्यक्रमको वजेटवाट डोबको खानेपानी निर्माण योजनाको निर्माण गर्न प्रगतिशिल सामुदायिक संस्थालाई रु १५००००।०० भुक्तानी गरेको छ । पाईप,फिटिंस तथा सामाग्री खरिद गरी जडान गरेको विल संलग्न गरेको भएपनि उक्त कार्यको अनुगमन गरेको देखिएन । नियमानुसारको प्रकृया पुरा गरी कार्य भएको यकिन गरि भुक्तानी गर्ने गरी सुधार गर्नु पर्दछ । वडा स्तरिय योजनाका रुपमा स्वीकृत भई वडा मार्फत सञ्चालन भई भुक्तानीका लागि पेश हुने रु. ५ लाख सम्मा बजेट भएका कार्यको सम्वन्धित वडाबाट अनुगमन हुने गरी कार्यपालिका स्तरिय निर्णय भएकाले थप अनुगमन नगरी भुकक्तानी गर्ने गरेको छलफलको क्रममा जानकारी दीएको छ ।	
१२			**घुम्ती कोषः** नगर कार्यपालिकाको आर्थिक वर्ष २०७७।७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार घुम्तिकोष सञ्चालनका लागि रु १० लाख वजेट व्यवस्थापन गरेको छ । विउपूँजि तथा घुम्तिकोष सञ्चालन कार्यविधि, २०७७ अनुसार प्रस्ताव आह्वान गरी मिलिजुली महिला कृषि वहुउद्वेश्यीय सहकारी सँस्थालाई विउपुँजी वापतको रकम भुक्तानी गरेको देखियो । आर्जनका सन्दर्भमा गरेको वितरण र विउपुँजी संरक्षणका सम्वन्धमा कार्यदिशा तयार गरेको देखिएन । घुम्तिकोष संरक्षण तथा लगानी व्यवस्थापनको उचित प्रवन्ध गर्नु पर्दछ ।	
१३			**नापी किताव :** सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए अनुसार निर्माण कार्यको भुक्तानी गर्दा नापी गरी प्रविधिकको सिफारिसका आधारमा भुक्तानी गर्नु पर्दछ । कार्यालयले निर्माण कार्यको नापी किताव व्यवस्थित गरी राखेको छैन । साथै पालिकाले योजना सञ्चाल गर्नु अगाडि विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने गरेपनि निर्माण कार्य गर्दा सो अनुसार भए नभएको अनुगमन गर्ने गरेको देखिएन । विस्तृत परियोजना प्रतिवेदन भविश्यको प्रयोगका लागि समेत सुरक्षित राख्नुपर्नेमा दर्ता गरी अभिलेखिकृत गरेको देखिएन ।उदाहारणका लागि कार्यालयले पिपलनेटामा फुटवल रंगशाला निर्माण गर्न उपभोक्ता समितिसंग सम्झौता गरी रु. २२,३२,८४७.०० भुक्तानी गरेको छ । लागत अनुमान रु. ७८,६९,८३०.०० को कार्यमा गत वर्ष रु. ४८,५०,०००.०० भुक्तानी भएकोमा यस वर्ष रु. ४४,९७,४५८.०० भुक्तानि गरेको छ । भुक्तानी गरेको कार्यको नापी अभिलेख व्यवस्थित गरी राखेको छैन । निर्माण कार्यमा प्रयोग भएको परिमाण देखिनेगरी दीर्घकालिन प्रयोग गर्न सकिने गरी नापी किताव व्यवस्थित गर्नुपर्दछ ।साथै योजना सम्वन्धि दस्तावेज समेत सुरक्षित रुपमा राख्नुपर्दछ ।	
१४			**विरुवा वितरणः** पालिकाले खरिद गरी वृक्षारोपण तथा उत्पादनका लागि किसानलाई वितरण गरेका फलफुल तथा तरकारीका विरुवाको उत्पादन तथा संरक्षणको उचित प्रवन्ध गर्नुपर्दछ । यस वर्ष वार्षिक कार्यक्रममा समावेश गरी विभिन्न वडालाई विउ,विजन तथा विरुवा वितरण गर्न वजेट व्यवस्थापन गरेकोमा देहाय अनुसार निम्नानुसार रु४५,२५,०३०।०० भुक्तानी गरेको छ । लक्षित वर्गले लागत साझेदारी ५० प्रतिशत गर्ने उल्लेख भएकोमा नगदमा सहभागिता नभएको तथा सम्वन्धित वडाले	

			वितरण गर्नेगरी खरिद भएका विरुवा वापत विभिन्न नर्शरी तथा लक्षित समुहलाई भुक्तानी गरी खर्च जनाएपनि वृक्षारोपण, उपयोग,संरक्षण र उत्पादन सम्वन्धमा अनुगमन तथा जागरण गरेको देखिएन । लागानीको प्रतिफल प्राप्त गर्न विरुवा संरक्षण र फलफुल उत्पादनमा समेत सेवाग्राहीलाई उत्प्रेरित गर्नु पर्दछ ।		

गो भौ नं	वडा	विरुवा विवरण	सँख्या	नर्सरी	भुक्तानी रु
१९७।०७७।१२।१०	१०	किवी विरुवा	१६४०	नवदुर्गा फलफुल जडिवुटी नर्सरी	४९९०००
१६४।०७८।३।११	१	सुन्तला,कागतितथा अनार	३३०	कृषि फलफुल वागवानी नर्सरी	५०००००
३३७।०७८।३।१३	६	ओखर विरुवा	४७०	टेक डिपोट प्रालि	१९९२८०
३९७।०७८।३।२६	३	आँप,लिचि	विभिन्न	रोहित फलफुल नर्सरी वागवानी फर्म	४९८५००
३९९।०७८।३।२६	११	फलफुल जडिवुटी	विभिन्न	शन्तोष कृषि फर्म	१८९०००
३९९।०७८।३।२६	११	फलफुल जडिवुटी	विभिन्न	तुफान फलफुल तथा जडिवुटी नर्सरी	३०३०००
४०१।०७८।३।२६	११	कागति, सुन्तला	विभिन्न		१४८२५०

नगरपालिका चालुवाट जम्मा				**२३३७०३०**
२६८।०७८।३।२७	५० प्रतिशत अनुदानमा वडा नं १२, १३ र १४ मा कागति ६००० र सुन्तला १५०० विरुवा वितरण	७५००	खरिद तथा लगाउने कार्यको समेत लागतमा समिति मार्फत कार्य गराई भुक्तानी	३५००००
२६९।०७८।३।२७	सुनौला हजार दिन तर्फ करेशावारी	२९७५ पाकेट	कर्मचारी मार्फत मुला काउली रायो जस्ता ७ प्रकारका	१७००००
	कागतिका ४००० र सुन्तलाका १६०० विरुवा	५६००		१६८०००
२६८।०७८।३।२७	५० प्रतिशत अनुदानमा वडा नं ९ मा अलैचिका २५००० विरुवा रोप्ने सम्म	२५०००	लक्षित समुदायले पेश गरेको विल अनुसार भुक्तानी	३५००००
२६५।०७८।३।२७	५० प्रतिशत अनुदानमा वडा नं ६ र ७ मा ४०० केजि चौमासे र वोटे सिमि विउ	४०० केजि	लक्षित समुदायले पेश गरेको विल अनुसार भुक्तानी	३५००००
२६६।०७८।३।२७	५० प्रतिशत अनुदानमा आलुको विउ, रासायनिक मल, तथा विसादी	२५ जनालाई	विभिन्न आपुर्तक	१०००००
२६४।०७८।३।२७	५० प्रतिशत अनुदानमा वडा नं ४ मा ८००० कफिको विरुवा वितरण र रोपण	८०००	कफि पकेट क्षेत्रयोजना सञ्चालन समिति	३५००००
२६३।०७८।३।	५० प्रतिशत अनुदानमा वडा नं ५ मा वेसारको ५००० र अदुवाको ३००० विरुवा वितरण र रोपण	८०००	मसलावाली पकेट क्षेत्र सञ्चालन समिति	३५००००

			२७				
			संघिय सशर्तवाटः				**२१,८८,०००**
१५			**प्रिफ्याव निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा वोलपत्रको माध्यमवाट खरिद गर्ने सम्वन्धी व्यवस्था छ । कार्यालय परिशर भित्र प्रिफ्याव भवन निर्माण गर्न आह्वान गरेको वोलपत्रमा लागत अनुमान रु २४,३५,२४८।०० भन्दा १.६४ प्रतिशत घटी रु २३,९५,१८४।०० कवोल गर्ने डिग्रेशाइकुमारी सप्लायर्स एण्ड कन्स्ट्रकशन प्रा लि को वोलपत्र स्वीकृत भई गो भौ नं २०३।०७८।३।३० वाट रु ३,९८,१५४।०० भुक्तानी भएको देखियो । जेष्ठ २५, २०७८ मा गरेको सम्झौतामा आर्थिक वर्षभित्र १६ प्रतिशत मात्र कार्यसम्पन्न भएकव छ । वहुवर्षिय दायित्व श्रृजना हुने सम्झौतामा आगामी वर्षका लागि श्रोत सुनिश्चितता गरी शुरु म्याद भित्र कार्यसम्पन्न गर्ने गरी निर्माण कार्य व्यवस्थापन गर्नु पर्दछ ।				
१६			**मास दाना उद्योग मेशिनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा वोलपत्रको माध्यमवाट खरिद गर्ने र नियम ११२ अनुसार तयार भएको विल विजक वमोजिम १२३ को प्रकृया पुरा गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नगरकार्यपालिकाको अधुरा योजना तथा कार्यक्रमका लागि वजेट वाँडफाड सम्वन्धी २०७७ चैत्र १० को निर्णय अनुसार गत आर्थिक वर्षमा सम्पन्न हुन नसकेको मास दाना उद्योग निर्माण, मुसिकोट ४ कालागि रु ६० लाखको वजेट व्यवस्था गरी गो भौ नं १९९।०७८।३।२९ वाट रु ५२,०९,३००।०० भुक्तानी दिएको छ । खरिद सम्झौता भएको मितिले ८० दिन भित्र मेशिन आपुर्ति गरिसक्ने गरी २०७७ आषाढ २ गते भएको लागत अनुमान रु ५२,९९,९९९।०० भन्दा १.७ प्रतिशत घटी रु ५२,०९,३००।०० मा सामान आपुर्ति गर्नेगरी २०७७ फागुन १७ मा सम्झौता भएकोमा आपुर्तिकर्ता टेक डिपोट प्रा लि ले सामान आपुर्ति गरी भुक्तानी माग गरेको भौचरसाथ संलग्न पत्रवाट देखिन्छ । गत वर्ष आपुर्ति भई जडान भइसकेको जानकारी हुने मेशिनको जडान पुर्व र सञ्चालन अवस्थाका वारेमा गुणस्तर परीक्षण तथा प्राविधिक जाँच गरेको स्पष्ट हुने आधार प्रमाण संलग्न गरेको पाईएन । मुसिकोट नगरपालिका वडा नं ४ मा मेशिन जडान गरी परीक्षण समेत भएको प्रमाण संलग्न गरी भुक्तानी भएकोमा उक्त मेशिन निरन्तर सञ्चालनमा आए नआएको र उद्योगले मेशिन प्रयोग पछि उत्पादन गरी वजारमा वितरण गर्न सके नसकेको यथार्थ अवस्था अनुगमन गरी उद्योगको दीगोपना तथा मेशिन मर्मत संभार र सञ्चालनमा कार्यपालिकाले उचित प्रयास गरी लगानी व्यवस्थापन गर्नु पर्दछ ।				
१७			**सि सि टि भि जडानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ मा सार्वजनिक निकायले मालसामान वा सेवा प्राप्ती गर्दा खरिद सम्झौता गरी सोही अनुसार कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । पालिकाले २०७८ अषाढ २५ भित्र सि सि टि भि जडान सम्वन्धी कार्यको लागत अनुमान रु १५,५९,९३१।०० कार्य लागत अनुमान भन्दा ४ प्रतिशत घटि कवोल गर्ने आरम्भ इलेक्ट्रोनिक्श प्रालिको रु १४,९६,७९८।०० को वोलपत्र स्वीकृत गरी २०७८ जेषठ २५ मा खरिद सम्झौता गरेको छ ।				

			सम्झौताको ३० दिन भित्र गत आर्थिक वर्षमा सम्पन्न गरिसक्नुपर्ने गरी आर्थिक वर्षको अन्तमा गरेको सम्झौताको कार्य सम्पन्न भई गो भौ नं १५४।०७८।३।२२ वाट भुक्तानी गरेकोमा सामानको गुणस्तर परीक्षण र जडान अवस्थाको अनुगमन गरेको देखिएन । मर्मत अवधि भित्र जडान भएका पाटपुर्जाको परिक्षण र अनुगमन गरी उदेश्य अनुरुपमको प्रयोगको सूनिश्चितता कायम गर्नुपर्ने देखिन्छ ।	
१८			**शिक्षा तर्फः** उपलव्ध विवरण अनसारपालिका अन्तर्गत आधारभुत तहसम्म अध्ययन हुने ४० वटा, माध्यामिक तहसम्म अध्ययन हुने १६ वटा, थप १ वटा वालविकास समेत ५७ वटा सरकारी विद्यालय रहेका छन् । पालिका अन्तर्गत वालविकास दखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थी ११३३१ रहेका छन । पालिका अन्तर्गतका विद्यालयहरुमा आर्थिक वर्ष भर संघिय सशर्त वजेटवाट निम्नानुसार रु १२ करोड २६ लाख ३८ हजार तलव भत्तालगायत विद्यालयको खातामा निकासा भएको छ । पालिका अन्तर्गतका विद्यालयहरुमा आर्थिक वर्ष भर संघिय सशर्त तथा गाउपालिकावाट पाठ्य पुस्तक, दिवा खाजा, पोषाक, शिक्षक तलव भत्ता,शैक्षिक सुधार अनुदान लगायत अनुदान निकासा भएकोमा भएकोमा आर्थिक वर्ष २०७७।७८ मा सामाजिक परिक्षण र लेखापरीक्षण नभएको, खर्च तथा विद्यार्थिको शैक्षिक अवस्था सम्वन्धमा पालिकावाट अनुगमन नभएको देखिन्छ । सामाजिक लेखापरीक्षण, आर्थिक कारोवारको लेखापरीक्षण तथा अनुदानको उचित प्रयोग र प्रभावकारी शैक्षिक अवस्था भए नभएको अनुगमन गर्नु पर्ने देखिन्छ ।	

क्र सं	विद्यालय अनुदान	रकम
1.	राष्ट्रपति शैक्षिक सुधार १३ विद्यालय	१२०५००००
2.	सामुदायिक सीकाई केन्द्र ६ वटा	७६९०००
3.	विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित अनुदान	४६०००००
4.	विशेष शिक्षा ३ विद्यालय	१५३२१५०
5.	दिवा खाजा	.....
6.	वुक कर्नर	१८६७७५०
7.	आधारभुत तहको तलव	१०५३१३८३८
8.	माध्यामिक तहको तलव	२८७६९६४१
9.	नगर स्वयंसेवक शिक्षक	१७६१६६८४
10.	वालविकास सहयोगि कार्यकर्ता	७७५२३३८
11.	विद्यालय सहायक	१७४५६००
12.	विद्यालय सहयोगी	४६७१५००
13.	अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान ९ विद्यालय	२१३७९००
14.	प्रतिवद्यार्थी मसलन्द खर्च	१०४५०००
15.	विद्यालय नर्सिंग	३६६६०००
16.	इन्टरनेट जडान, लेखापरीक्षण तथा सामाजिक परीक्षण	८१२०००

https://nams.oag.gov.np

17.	कोभिड शिक्षण सामाग्री खरिद	४०००००
18.	प्रति विद्यार्थी मसलन्द	१०४५०००
19.	छात्रवृत्ति	१४११६००

१९			**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः** पालिका अन्तर्गतका निम्न विद्यालयको लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम तर्फ रु १,२०,५०,०००।००को वजेटस्वीकृत भएको छ । उक्त वजेट निकासाको लागि २०७८।३।२० को शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरको निर्णय अनुसार लेखापरीक्षण, प्रतिवेदन, सामाजिक परीक्षण लगायतका कार्यहरुको लागि सम्वन्धित विद्यालयलाई नै जिम्मेवार र जवाफदेहि वनाउने गरी सम्वन्धित विद्यालयको खातामा निकासा दिई सम्पन्न गर्ने निर्णय भए अनुसार पालिकाले गो.भौ.नं २४७।।०७८।३।२५ वाट खाता रोक्का राखी निकासा दिएको देखिएको छ । पूर्वाधार निर्माण कार्यमा भएको खर्चका सम्वन्धमा नियमानुसारको प्रमाण पेश गरी निर्माणकार्य भएको सुनिश्चित गर्नुपर्दछ ।	१,८००,०००

https://nams.oag.gov.np

क्र सं	विद्यालयको नाम	कार्यक्रमको विवरण	निकासा रकम
1.	यमुना नन्द मावि सेरीगाउँ	कम्प्यूटर ल्याव स्थापना	६५००००
2.	चन्दन्नाथ आ वि डाँग्रिचौर	वास सहितको शौचालय	७०००००
3.	ज्ञानोदय मावि लहु	शिकाइ सामाग्री उपलव्धी अभिवृद्वि	६५००००
4.	जनप्रिय आ वि सतिपोले	वास सहितको शौचालय	७०००००
5.	लक्ष्मी मावि कैलदेउ	कक्षाकोठा निर्माण	१८०००००
6.	जनकल्याण मावि	कक्षाकोठा निर्माण	१८०००००
7.	महेन्द्र मावि चौतारा १३	शिक्षामा नविन प्रवृधी प्रवर्धन	६५००००
8.	महेन्द्र मावि चौतारा १३	कम्प्यूटर ल्याव स्थापना	६५००००
9.	जनकल्याण मावि भलाकचा	कक्षाकोठा निर्माण	१८०००००
10.	महाकाली मावि समिवोट	वास सहितको शौचालय	७०००००
11.	महाकाली मावि समिवोट	पुस्तकालय तथा विज्ञान प्रयोगशाला	६५००००
12.	त्रिभुवन जनता मावि खलङ्ग	पुस्तकालय तथा विज्ञान प्रयोगशाला	६५००००
13.	त्रिभुवन जनता मावि खलङ्ग	सिकाइ सामाग्री उपलव्धी अभिवृद्वि	६५००००
	जम्मा		**१२०५००००**

उल्लेखित निकासा मध्ये लक्ष्मी मा.बि. कैलदेउको कक्षाकोठा निर्माण वापतको रकम बाट भएको खर्चकोका सम्वन्धमा प्रमाण पेश हुन बाँकी भएको र अन्यको हकमा प्रमाण प्राप्त हुन आएको भनि कार्यालयले छलफलको क्रममा जानकारी गराएको छ ।

https://nams.oag.gov.np

२०			**डेरी उद्योगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिवाट काम गराउने सम्वन्धी व्यवस्था रहेको छ । पालिकाले वडा नं १२ मा दुग्ध पदार्थ उत्पादन उद्योग स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरेवापत डि ई आर्किटेक्टलाई रु ५ लाख भुक्तानी गरी सो प्रतिवेदन समेतका आधारमा उद्योग स्थापनाका लागि पहिलो चरणको कार्य गर्न स्थायी प्रकृतिको उद्योग प्रवर्द्धन तथा निर्माण उपभोक्ता समितिसँग सम्झौता गरी फिल्ड निर्माण र घेरावारको पहिलो चरणको कार्य वापत गो भौ नं १।०७८।३।२५ वाट रु ७३,६१,२२९।०० भुक्तानी गरेको छ । लेखापरीक्षण अवधिसम्म फिल्ड निर्माणको कार्य सम्पन्न भएकोमा उद्योग पूर्ण रुपले स्थापना भई निरन्तर सञ्चालन (GoingConcern) हुने सम्वन्धमा पर्याप्त आधार तयार गरेको देखिएन । जनशक्ति, लागागी, सञ्चालन दक्षताका साथै वजारका अवसर समेतका आधारमा पर्याप्त अध्ययन गरी स्थापना हुँदा उद्योगले दिगोपना प्राप्त गरी प्रतिफलयुक्त हुने देखिन्छ । वहुवर्षिय वजेट सुनिश्चित भई नसकेको उद्योगले निरन्तरता प्राप्त गर्ने आधार देखिएन । ठुलो लगानी र लामो समयसम्म सञ्चालन गर्ने उद्योग स्थापनाका क्षेत्रमा कार्य गर्दा जनशक्ति, श्रोत, वजारीकरण र कच्चा पदार्थको उपलव्धता जस्ता क्षेत्रमा समेत अध्ययन गरी तथ्यगत रुपमा स्थापना र सञ्चालन गर्ने गरी व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।	
२१			**श्रम सहकारीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा लाभग्राही समुदायबाट काम गराउने सम्वन्धि व्यवस्था छ । सोही नियमावलीको नियम २ को परिभाषा खण्डको उपभोक्ता सम्वन्धि परिभाषामा श्रम सहकारीलाई उपभोक्त समितिको रुपमा परिभाषित गरेको देखिदैन ।उदाहरणका रुपमा कार्यालयले पेश गरेअनुसार यस आ.ब.मा देहाय अनुसार रु. ५५,१२,८६४.०० को कार्य श्रम सहकारी मार्फत गरेको देखिन्छ ।श्रम सहकारीको आय व्यय विवरणमा नाफा नोक्सान देखाउने गरेको र कम्पनिका रुपमा दर्ता भई सञ्चालनमा रहेकोले उक्त संस्था नाफामुलक संस्थाको रुपमा सञ्चालनमा रहेको देखिन्छ । खरिद कानुनले परिभाषित नगरेको संस्था मार्फत निर्माणकार्य गराई भुक्तानी गरेको उपयुक्त देखिन आएन । नियमानुसारका निर्माणकर्ता छनौट गरी कार्य व्यवस्थापन गर्नु पर्दछ ।	

क्र सं	गो भौ नं	योजनाको नाम	श्रमिक सहकारी संस्था लिमिटेड	खर्च रकम
1.	५८।०७७।११।७	वेदखोला वर्चिवाँग सडक वडा नं ११	हातेमालो	१९४०००
2.	११०।०८३।३।२	वागवजार पुलिस पोष्ट देखि भण्डारीकाँडा सडक	परिवर्तनशिल	२३०२३०
3.	११९।०७८।३।८	पार्किङ ट्रष्ट निर्माण दुग्ध संकलन केन्द्र, सोलावाङ्ग	नागरिक	४८५०००
4.	१२५।०७८।३।१३	खारकोट सिस्ने खा पा यो जारुम सामुदायिक भवन, हरले नयाँगाउँ खानेपानी	जनविकास	२४४०००
5.	१३२।०७८।३।१६	सामुदायिक भवन, खारकोट	जनविकास	१९४०००
6.	१३८।०७८।३।१८	भुल्खेत खुपानी सडक निर्माण	साझेदारी	३८८०००
7.	५५।०७७।१०।२९	वडा नं १२ को सडक मर्मत	जनविकास	४३६५००
8.	१५०।०७८।३।२१	पितिवाङ्ग खानेपानी मर्मत	जनविकास	९७०००
9.	१५५।०७८।३।२३	सडक तथा अन्य सार्वजनिक क्षेत्रको मर्मत	चन्द्र सुर्य	१४८५००
10.	१६५।०७८।३।२३	भुमखानेपानी लगायत ४ खानेपानी मर्मत	जनविकास	३८३३५४
11.				

	२।०७८।३।१४	भुलखेत-चौरवाङ्ग सडक	साझेदारी	१९४००००
12.	१४।०७८।३।२	सडक वोर्ड तर्फ वागवजार पुलिस पोष्ट देखि भण्डारीकाँडा सडक	परिवर्तनशिल	७७२२८०
		जम्मा		५५१२८६४

२२

परामर्श सेवा :

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने भएमा र वढि दक्षता आवश्यक पर्ने भएमा लागत अनुगमान तयार गरी प्रतिस्पर्धाकव माध्यमबाट परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था छ । नमुनाका आधारमा छनौट भएका देहाय अनुसारका कार्यमा पालिकाले प्रतिस्पर्धा नगराई सोझै परामर्श सेवा खरिद गरी रु.२८,८७,२१०।०० भुक्तानी गरेको छ । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालिन पूँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यका लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन ।

क्र सं	गो भौ नं	विवरण	परामर्शदाता	भुक्तानी (रु)
1.	१४।०७७।७।२५	वडा नं ५ को भवन डिपिआर	वि आर एस इन्जिनिरिङ्ग सोलुशन, काठमाडौं	४९७०००
2.	१५।०७७।७।२५	वडा नं १२ को भवन डिपिआर	सिभिल वर्क कन्सल्टेन्सी प्रा ली, भक्तपुर	४९७०००
3.	१४१।०७८।३।२०	नगर यातायात गरुयोजना	क्यान्भास इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि दाङ्ग	९९४४००
4.	३।०७८।३।३०	डेरी उद्योगको विस्तृत परियोजना प्रतिवेदन	डि आर्किटेक्ट प्रा लि	५०००००
5.	५०।०७८।३।२०	पानाखोला खानेपानी योजनाको वस्तृत परियोजना प्रतिवेदन	क्यान्भास इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि दाङ्ग	३९८८१०
			जम्मा	**२८,८७,२१०**

२३			**प्रधानमन्त्री रोजगार कार्यक्रम:** कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ६ अनुसार स्थानिय तहले पुर्ण रुपमा ज्यालामा आधारित भई दफा ५ अनुसार प्राथमिकीकरण सहित एक सय दिनको रोजगारी सुनिश्चितता हुने गरी दफा ४ वमोजिमका आयोजना छनौट तथा कार्यान्वयन गर्नु पर्दछ । यस वर्ष पालिकालाई ४१७ श्रमिकको लागि १०० दिन रोजगारी श्रृजना हुने गरी प्रतिदिन रु ५१७ का दरले कुल रु २,४६,६१,०००।००वजेट प्राप्त गरेकोमा ६० वटा कार्यक्रममा ७२२ जनालाई रोजगार दिई श्रमिकको खातामा भुक्तानी गरी रु२,३३,६१,०००।००खर्च गरेको छ । कार्यविधि अनुसार दरविश्लेषण गरी आयोजनामा लाग्ने श्रमिकको संख्या एकिन नगरी पुँजिमा आधारित आयोजना छनौट तथा कार्यान्वयन गर्दा तोकेको पारिश्रमिकमा न्यूनतम रुपमा एक जनालाई १०० दिन रोजगारी प्राप्त नभएको र रोजगारी उपलव्ध गराई ज्याला भुक्तानी गरेकोमा समेत निर्माणसँग सम्वन्धित मालसामान खरिदको भुक्तानी ज्यालामा भएको देखिएको छ । कार्यविधि अनुसार वास्तविक रुपमा रोजगारी श्रृजना हुने आयोजना तथा श्रोत यकिन गरी आयोजना छनौट र कार्यान्वयन गर्न पालिकाले ध्यान दिनु पर्दछ ।(उदाहरण) (रु)	

क्र सं	गो भौ नं	आयोजनाको नाम	कार्य सम्पन्न	वि ओ क्यू र भुक्तानी अनुसार ज्याला	भुक्तानी अनुसार ज्याला प्रतिशत	निर्माण मालसामान खरिद	श्रमिक र रोजगार दिन	भुक्तानी (प्रतिदिन रु ५१७ का दरले)
१	२०७ ०७८।३। २१	विद्युत पावरहाउस जनता आ वि माथिल्लो टिला गोरेटो वाटो निर्माण	१०१९६७६	६५२६६३	६५	३४७३३७	२६ जना करिव ७३ दिन	१००००००
२	क) २०४ ०७८।३। २१	गारेसाजा स्याला पधेरा वडा कार्यालय सडक सुधार	६३४३५०	२८४६५८	५०	३८५३४२	१९ जना ५८ दिन	५७००००
३	ख) १६२ ०७८।३। २४	भेरीखर्क चौखवाड गोरेटोवाटो	३५३९२४	१५३५४९	४४	१९६४५१	७ जना ९७ दिन	३५००००
४	ग) १८७ ०७८।३। १८	घट्टेखोला गोरेटो वाटो निर्माण	५२५३९४	१७४२६९	३५	३२५७३१	१४ जना ७३ दिन	५०००००
५	२०९ ०७८।३। २१	जनकल्याण मावि काँस पोखरी पिल्ड निर्माण	६०००००	२५७४७१	४३	३४२५२९	२० जना ५८ दिन	६०००००
६	२१०।०७८ ।३।२१	नेरामावी फिल्ड निर्माण	४८०३५७	१८९४५३	४७	२१०५४७	१२ जना ६४ दिन	४०००००
७	२०८।०७८	थापाचौर	४५६२३५	१३९०८४	४०	२१०९१६	८ जना	३५००००

	३।२१	गोरेटोवाटो निर्माण					८५ दिन	
८	२११।०७८ ३।२१	आधारभुत विद्यालय काउलेचौर भवन निर्माण	१०५००००	३३१५८७	३२	७१८४१३	२१ जना ९६ दिन	१०५००००

२४

विविध खर्च:

विविध खर्च खाता तर्फ हेल्भिटासवाट रु ५३,५८,२३५।०५ र सडकवोर्ड नेपालवाट रु १८०१३६२।०० समेत कुल रु ७६,२०,५०३।५५ मध्ये रु ७०,८९,२२०।८० खर्च भई अन्त्यमा रु ५,३१,२८२।७५ वाँकी रहेको छ ।

क्र सं	गो भौ नं	कार्यक्रम	विवरण	खर्च (रु)
१	२। ०७७। ७।२६	कोरोना प्रभावित घरधुरीलाई खाद्यान्न वितरण	खुला कोटेशन वाट ३ आपुर्तकवाट खरिद गरी एक परिवारलाई३० के जि चामल, १ केजि दाल, १ केजि नुन, १ लिटर तेल र ३ वटा सावनका दरले १४ वडामा वितरण	११२९४२४
२	३। ०७७। ७।२७	बैदेशिक रोजगारवाट फर्किएका यूवाकालागि उन्नत जातका वाख्रा अनुदान १० जनालाई	लक्षित वर्गले पेश गरेको विल भरपाईका आधारमा अनुदान भुक्तानी	४०००००
३	८। ०७७। ९।१९	युवा, वैदेशिक रोजगारवाट फर्केका तथा महिलाहरुलाई स्थानिय तहमा कृषि उद्यम सञ्चालन तथा प्रवर्धन	खुला कोटेशन विभिन्न ५ आपुर्तकवाट खुला कोटेशन मार्फत खरिद व्यवस्थापन गरी १५ जना कृषकलाई सिल्पौलिन प्लाष्टिक २, थोपा सिँचाई २, स्प्रे ट्यांकी सेट समेत १, क्यारेट ५, डिजिटल मेशिन १ र मल्चिङ प्लाष्टिक १०० मिटरका दरले १५ जनालाई वितरण गरेको र छिवाङ किसान सहकारी सँस्थाका वडा नं १३ का ५० सदस्यलाई प्लास्टिक टनेल १ थान, थोपा सिँचाई २थान, स्प्रे ट्यांकी सेट १ थान र मल्चिङ प्लाष्टिक १०० मिटरका वितरण	१७१९९४०

https://nams.oag.gov.np

मितव्ययी र प्रतिश्पर्धी खरिद विधि अवलम्वन गरी वितरणमुखि र जीवनशैली सुधारका कार्यक्रमको प्रभावका सम्वन्धमा अनुगमन गरी उपलव्धी समेतको मुल्यांकन गरी व्यहोरा कार्यान्वयन गर्नु पर्दछ ।

२५

शेयर लगानी:

कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाण्डौमा लि.न. १९६३१५ मा दर्ता भएको स्यार्पु पावर कम्पनि लिमिटेडमा संस्थापक शेयरधनिको रुपमा देहाय अनुसारका ६ स्थानीय तह र जिल्ला समन्वय समिति समेतको २ लाख ७५ हजार शेयरको प्रति शेयर रु. १०० दरले रु.२,७५,००,०००.०० को संस्थापक लगानि निर्धारण गरेको मध्ये २०७६।६।१० सम्म रु.१,४१,७२,४८५.०० शेयर लगानी वापत पावर कम्पनि लिमिटेडको नाममा रकम पठाइसकेको देखिन्छ । लिमिटेड कम्पनिमा लगानी गर्ने र प्रतिफल सम्वन्धमा संस्थापक शेयरधनीको रुपमा रहेका स्थानीय तहले साझा अवधारणा तयार गरेको देखिएन । नाफामुलक लिमिटेड कम्पनिमा लगानी गर्ने सम्वन्धमा सेवा प्रादायक तहले समिक्षा गर्नुपर्ने देखिन्छ । शेयर लगानीको रुपमा खर्च लेखाङ्कन गरेको रकम कतिपय स्थानीय तहले आयव्यय विवरणमा शेयर लगानीको रुपमा देखाएका छैनन् । यसबाट वित्तिय विवरणमा लगानी लेखाङ्कन नभएको अवस्था छ । वित्तिय विवरणमा लगानी प्रतिविम्वित गर्नेगरी सुधार गर्नु पर्दछ ।

क्र. स.	स्थानीय तह	शेयर कित्ता	भुक्तानी भएको (रु)	भुक्तानी बाँकी (रु)
1.	आठबिसकोट	६००००	१०००००००।००	५०००००००।००
2.	मुसिकोट	३००००	३०००००००।००	०
3.	चौरजहारी	३००००	१०००००००।००	२०००००००।००
4.	बाफिकोट	३००००	१०००००००।००	२०००००००।००
5.	सानीभेरी	३००००	१०००००००।००	२०००००००।००
6.	त्रिवेणी	३००००	१०००००००।००	२०००००००।००
7.	जिल्ला समन्वय समिति	६५०००	६१७२४५८।००	३२७५४२।००
	जम्मा	**२७५०००**	**१४१७२४५८।००**	**१३३२७५४२।००**

२६

स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :

			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।	
२७			**आय लेखाङ्कन :** पालिकाले यस वर्ष रु. ४२,०७,२१६.०० राजश्व आम्दानी गरेको छ । पालिकाले आन्तरिक राजश्व तर्फ विद्युतीय माध्यम प्रयोग नगरी पालिकावाट भएको सेवा प्रवाह अनुसार आम्दानी भिडान नगरी जारी भएको नगदी रसिदवाट प्राप्त राजश्व वैंक दाखिला गरी पेश भएको वैंक भौचरको आधारमा आम्दानी लेखाङ्कन गर्ने गरेको देखियो । यसबाट कुल आयको वास्तविक अवस्था यकिन नहुने, वैंक सफ्टवेयर र खातामा देखाएको आम्दानीमा फरक पर्ने जस्ता अवस्था भई आय लेखाङ्कन वास्तविक नहुने देखिन्छ । निश्चित अवधि भित्र अनिवार्य रिकन्साइल गरी आय चुहावट भए नभएको पत्ता लगाई यकिन हुने गरी राजश्व आम्दानी सम्वन्धमा विद्युतीय माध्यम विकास तथा प्रयोग गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा आय खाताको मौज्दात र वैक भौचरका आधारमा आयको वैंक नगदी कितावमा भएको प्रविष्टि वाहेक सवै रसिद, भौचर, आम्दानी लेखाङ्कन आदिको परीक्षण गरिएको छैन । पालिकाले आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरी राजस्व संकलन र दाखिला प्रभावकारी भरपर्दो र पारदर्शी वनाउनु पर्दछ ।	
२७.१			**राजश्व अभिलेखः** पालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न वनेको ऐन, २०७४ को दफा १३(२)मा राजश्वको लगत तथा लेखा राख्ने तथा फाटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाले सवै वडा मार्फत नगदी रसिदका आधारमा आय संकलन गर्दै आएको छ । पालिकाले रसिद नियन्त्रण खाता राखेको भएपनि आर्थिक वर्ष समाप्ति पछि नियमित रुपमा रसिद व्यवस्थान गरेको देखिएन । नगदि रसिद मार्फत वडा तथा नगरपालिका कार्यालयले संकलन गरी बैंक दाखिला गरेको आयको वास्तविक अवस्थाका सम्वन्धमा अनुगमन तथा नियन्त्रणको प्रभावकारी संयन्त्र निर्माण गरी व्यवस्थापन गरेको पाइएन । मालपोत जस्ता आयका क्षेत्रको लगत राखी वार्षिक लक्ष अनुसार आय संकलन गर्नुपर्नेमा लगत नराखेकाले उठ्नुपर्ने आय उठेको सम्वन्धमा यकिन गर्न सकिएन। नगरपालिका क्षेत्रका प्राकृतिक सम्पदा बेचविखन गरी आय आर्जन गर्ने सम्वन्धमा दीर्घकालिन योजना तयार गरेको छैन । पहिचान गरी आय सम्झैता गरेका कार्यको समेत नियमित अनुगमन गरी वातावरणिय प्रभाव मुल्याङ्कन गरेको छैन । आय संकलन तथा व्यवस्थापनका लागि अनुगमन संयन्त्र र प्रविधिको प्रयोग नभएकाले सवै आय संकलन भई पालिकाको कोषमा दाखिला भएको अवस्थाका सम्वन्धमा यकिन गर्न सकिएन ।विश्वाशिलो र भरपर्दो प्रणालीको अभावले आम्दानी तथा राजस्वका सम्वन्धाम लेखापरीक्षण राय व्यक्त गर्न सकिएन । आय व्यवस्था अनुमानयोग्य, पारदर्शि, भरपर्दो तथा विश्वसनिय बनाउन आय संकलन तथा व्यवस्थापनको भरपर्दो प्रणाली विकास गर्नुपर्दछ ।	

https://nams.oag.gov.np

२७.२			नगरपालिकाको रसिद नियन्त्रण खाता अनुसार यस आ.व. मा नगदी र मालपोत गरी दुई प्रकारको रसिद प्रयोग गरेको छ । जसमध्ये गत आ.व.मा प्रयोगमा नआई बाँकी रहेको ११ ठेली र यस आ.व.मा छापिएको (रसिद नं.१ देखि १०८०० सम्म) २१६ ठेली समेत नगदी रसिदको जम्मा २२७ ठेली आम्दानी बाँधेको छ । आम्दानी जनाएकोमध्ये यस आ.व. मा २१८ ठेली खर्च भएको र बाँकी (रसिद नं.१०३५१ देखि १०८०० सम्म) ९ ठेली बाँकी रहेको छ । त्यसै गरी मालपोत रसिद तर्फ पनि गत आ.व.को ७५ ठेली र यस आ.व.मा छापिएको (रसिद नं.१ देखि ५००० सम्म) १०० ठेली समेत मालपोत रसिदको जम्मा १७५ ठेली आम्दानी बाँधेकोमा १२२ ठेली खर्च भई बाँकी (रसिद नं.७०५१–७२००, ७२५१–७३००, ७४०१–७८००, ७८५१–७९००, ७९५१–८०००, ८१०१–९००० र ९०५१–१०१००सम्म) ५३ ठेली बाँकी रहेको छ । बाँकी रहेको नगदी रसिद र मालपोत रसिदठेलीहरु रसिद नियन्त्रण खातामा जिम्मावरी नसारी राखेको देखियो । बर्ष भरी खपत नभई बाँकी रहेका रसिदका निमित्त रसिद नं. खुलाई जिम्मेवारी सारी राख्नने उपयुक्त व्यवस्था गर्नुपर्दछ । बाँकी रहेका ठेलीहरु आ.व.२०७८/०७९ को लागि जिम्मेवारी सारी रसिद नियन्त्रण खातामा आम्दानी बाँध्ने पालिकाको भनाइ रहेको छ ।	
२८			**कन्टिन्जेन्सी खर्चको अभिलेख:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाले कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।	
२९			**सामाजिक सुरक्षा:** नेपाल सरकारले वजेटमा व्यवस्था गरी जेष्ठ नागरिक, विधवा, अशक्त तथा दलित वर्गलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ ।आ.व. ०७७/७८ मा यस नगरपालिकामा देहाय वमोजमको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु रहेका छन्।यस आ.व.मा सामाजिक सुरक्षा कार्यक्रममा रु. ७,५१,७०,७९१.०० खर्च भएको छ ।लाभग्राहीलाई वैंक मार्फत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउदै आएको छ । कार्यालयले लाभग्राहीको खातामा जम्मा हुने गरी निकाशा दिएको रकमबाट तेस्रो चौमासिक सम्म पनि रकम नझिकेमा उक्त खाता फ्रिज हुने व्यवस्था गरेकोमा फ्रिज भएको खाताको रिकन्साइल गरेको छैन । उक्त रकम सम्वन्धितको खातामानै रहेको र फिर्ता भएको छैन।लाभग्राहीको वास्तविक अवस्था पत्ता लगाई रकम व्यवस्थापन गर्नुपर्दछ ।	
२९.१			**सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ५ अनुसार नवीकरण गरिएका लाभग्राहीको अभिलेखको सूची अनुसूची-३(क) र (ख) बमोजिमको ढाँचामा विवरण तयारगरी लागू गर्दा सामाजिक सुरक्षा भत्ता वितरणलाई थप व्यवस्थित र प्रभावकारी बनाउने देखिएकोमा पालकाले सो विवरण तयार गरेको नदेखिएकोले उल्लेखित अनुसूची तयार गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई विश्वसनीय बनाउनु पर्दछ ।**	

https://nams.oag.gov.np

२९.२

जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित,एकल महिला,विधवा, पूर्ण अपाङ्ग, अतिअसक्त अपाङ्ग,वालपोषण दलित तथा वालपोषण क्षेत्रतोकिएको बर्गमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको तथ्याङ्क देहाय अनुसार छ ।

क्र.सं.	विवरण	प्रथमचौमासिक		दोस्रोचौमासिक		तेस्रोचौमासिक		जम्मा	
		संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
1	जेष्ठ नागरिक	१०५९	१२६४२	१०४१	१२४२०	१०९६	१३०३५	३१९६	३८०९७
2	जेष्ठ नागरिक दलित	२४६	१९४८	२४४	१९३४	२४२	१९२४	७३२	५८०६
3	एकल महिला	४१६	३२९६	४१०	३२७०	३९९	३१८८	१२२५	९७५४
4	विधवा	४७८	३७६८	४८६	३८४५	४९४	३९२८	१४५८	११५४१
5	पूर्ण अपाङ्ग	४९	५८८	४६	५५२	४७	५६४	१४२	१७०४
6	अतिअसक्त अपाङ्ग	१०६	६६६	१०७	६८०	१०९	६९६	३२२	२०४२
7	वालपोषण दलित	५७०	८४८	५३०	८०९	२३९७	३७५१	३४९७	५४०८
8	वालपोषण क्षत्रतोकिएको	०	०	०	०	५३०	८१७	५३०	८१७
	जम्मा	**२९२४**	**२३७५६**	**२८६४**	**२३५१०**	**५३१४**	**२७९०३**	**१११०२**	**७५१६९**

२९.३

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम २९(१) मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र बितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने तथा नियम २९(२) मा सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसूची -१२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था उल्लेख छ । तर यस नगरपालिकाले माथि उल्लेखित अनुसूचीहरु तयार गरेको नपाइएकोले भत्ता बितरणको यथार्थ खर्च एकीन गर्न सकिएन । सामाजिक सुरक्षा भत्ता वितरण

			कार्यविधि तथा नियमावलीले गरेको व्यवस्था अनुसारको अनुसूचीहरु तयार गरी खर्चको अश्वस्तता हुने तर्फ पालिकाको ध्यान जानु जरुरी देखिन्छ ।	
२९.४			सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(१) मा स्थानीय तहले लाभग्राहीको भत्ता आर्थिक वर्षको प्रत्येक चौमासिकको अन्तसम्ममा भुक्तानी गरी सक्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गतका १४ वडामा देहाय अनुसारका तीन चौमिसकमा गरी तीन बैंक मार्फत रु. ७,५१,७०,७९२.०० भुक्तानी हुनेगरी निकाशा दिएको छ ।बर्षभरी बैंक मार्फत वितरण भई फिर्ता भएको आ.ब. ७६।७७ को रु. २,५१,२००.०० र आ.ब. ७७।७८ को रु. ७,१५,६०३.०० समेत रु. ९,६६,८१३.०० संघिय सञ्चित कोष फिर्ता गर्नुपर्नेमा गरेको छैन । उक्त रकम फिर्ता गर्नु पर्दछ ।	९६६,८१३

https://nams.oag.gov.np

बैंकको नाम	प्रथम चोमाशिक	दोस्रो चोमाशिक	तेस्रो चोमाशिक	जम्मा	वितरण	फिर्ता
नेपाल बैंक	१३६४५	१३५१६	१६१६३	४३३२४	४२७५६	५६८
कृषि विकस बैंक	४७८३	४७६३	५६२८	१५१७४	१५१२८	५६
एभरेष्ट बैक	५३२८	५२३२	६११२	१६६७३	१६५८२	९१
जम्मा	२३७५६	२३५११	२७९०३	७५१७१	७४४५६	७१५

३०		२०७९-१-१६	**धरौटीः**

https://nams.oag.gov.np

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम, ६४ अनुसार कार्यालयले आफ्नो नामबाट एकल कोष धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले धरौटी आय रु.७६,२०,५०३.००।– र मौज्दात रु.२,६३,६१,०५५।– देखाएकोमा कतिपय अवस्थामा धरौटी जम्मा कर्ताले धरौटी फिर्ता माग गर्न आएको बखत धरौटी आम्दानी जनाई फिर्ता खर्च गर्ने गरेको पाईयो । धरौटी दाखिला गर्दा नै व्यक्तिगत धरौटी खाता समेत राखी गोश्वार धरौटी खाता एवं मौज्दात अद्यावधिक गर्दै जानुपर्ने देखिन्छ ।

· पालिकामा उपभोक्ता समितिको कट्टी गरी राखेको धरौटी निवेदनको आधारमा फिर्ता दिने गरेको पाइयो । उपभोक्ता समितिको धरौटी फिर्ता दिदा अनिवार्य रुपमा निम्नानुसारका पुष्ट्याई एवं प्रमाण राखेर मात्र फिर्ता गर्नुपर्ने देखिन्छ ।फिर्ता गर्दा प्राविधिक शाखाबाट फरफारक प्रमाण लिएको छैन ।उदाहारण देहाय अनुसार छ :

गो.भौ.न.	विवरण	फिर्ता रु.
१४।७७।९।२८	निर्माण व्यवसायी	७७००००।००
१४।७७।९।२८।	नूयू के.वि. निर्माण सेवा	२६६४४७।००
१७।७७।१०।२१	नेशनल विल्डर्स	२२१२७३।००
२३।७७।१०।२९	प्रकृति निर्माण सेवा	२२११५३।००
४३।७८।३।१९	मल्ल निर्माण सेवा	२५३००१।००

· उपभोक्ता समितिले धरौटी फिर्ता माग गरेर के काम गर्ने हो, प्रयोजन खुलाई उक्त रकम खर्च वा उपयोगको बारेमा बैठकमा निर्णय भएको माइन्यूटको प्रतिलिपि ।

· उपभोक्ता समिति रहेको वडाबाट उक्त उपभोक्ता समितिले धरौटी फिर्ता माग गरेको आधार वा प्रयोजनको पुष्ट्याई गर्ने पत्र संलग्न गर्नुपर्ने ।

उपभोक्ता समितिको धरौटी फिर्ता गर्दा पालिकाबाट सम्बन्धित क्षेत्रका प्राविधिक समेतको सिफारिस लिर्नुपर्ने देखिन्छ ।

३१ **पेश्की बाँकी :** ६४८,०००

आर्थिक कार्यविधा तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ तथा सम्झौतामा तोकिएको म्यादभित्र यसै नियमावलीको कार्यबिधि अपनाई फछ्र्यौट गर्नु गराउनु पेश्की लिनेदिने दुबै थरीको कर्तब्य हुने उल्लेख छ । कार्यालयले यो वर्ष देहायका कर्मचारी/निर्माण व्यवसायी/संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछ्र्यौट भएको देखिएन । नियमावली तथा सम्झौता अनुसार फछ्र्यौट गर्नुपर्दछ ।

पेश्की मिति	पेश्की लिनेकोनाम	पेश्की रु
२०७८।३।२८	झारढुङ्गा तल्लो गलमपाटी झोलुङगे पुल निर्माण उ.स.	६४८०००.००
२०७८।३।२७	शिवराज महतारा	४००००००.००
२०७८।३।२९	सूचना प्रविधि अधिकृत गोपाल वली	६९८५०.००
२०७८।३।३१	शिक्षा अधिकृत बिनाराम खड्का	१५००००।००
२०७८।३।२८	शिवराज महतारा	१८६०८०.००
	जम्मा	**१४५३९३०.००**

उल्लेखित पेश्कि मध्ये चालु आ.ब.मा फछ्र्योट भई झारढुङ्गा तल्लो गलमपाटी झोलुङगे पुल निर्माण उ.स. को नामको पेश्की फर्योट हुन बाँकी रहेकोछलफलको क्रममा जानकारी गराएको छ ।

३२

मुख्यमन्त्री रोजगार कार्यक्रम

मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को बुँदा नं ३ मा उल्लेखित उद्देश्य प्राप्त गर्न बुँदा नं ४ मा उल्लिखत प्रावधानमा रहि अनुसुचि १ अनुसार न्युनतम ६० प्रतिशत श्रममा आधारित रहि रोजगारीका अवसर श्रृजना गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्विकृत गरेको कार्यक्रम सम्पन्न गर्न स्विकृत भएको लागत अनुमान अनुसार ४० प्रतिशत भन्दा वढी हुने गरी पूँजिउन्मुख मालसामान खरिद, स्क्याभेटर प्रयाग, सवारी साधन प्रयाग गरी ढुवानी गर्ने जस्ता कार्य तथा खरिद समावेश भएको देखियो । जसले वास्तविक रोजगारी श्रृजना नभई उपभोक्ता समितिले पूँजिगत प्रकृतिका कार्य गर्न सहायक रुपमा ठेक्का व्यवस्थापन गरी कार्य सम्पन्न गरेको व्यहोरा विलभरपाई परिक्षणवाट देखिन्छ । साथै उपभोक्ता समितिले पेश गरेका विलभरपाईमा उल्लेखित पूँजिगत सामानको मुल्य पालिकाको दररेट भन्दा वढी उल्लेख भएको तथा प्रयोग गरेको परिमाण समेत नापि कितावसँग भिडान हुने देखिदैन । वास्तविक रोजगारी श्रृजना हुने गरी कार्यविधिमा तोकेअनुसार कार्यक्रम छनोट गरी अपेक्षित उपलव्ध हासिल गर्नु पर्दछ ।

३२.१

मुख्यमन्त्री रोजगार कार्यक्रम निर्देशिकाले रोजगार श्रमिकको ज्याला सम्वन्धितको वैंक खातामा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार धनमाया स्मृती प्रतिष्ठान भवन निर्माणमा संलग्न निम्नानुसारका श्रमिकहरुको वैंक खातामा भुक्तानी भएको प्रमाण संलग्न नभएकोले पारीश्रमिक वुझेको प्रमाण पेश गर्नु पर्ने सुझाव दिएकोमा छलफलका क्रममा प्रमाण रहेको जनाएको छ ।

क्र सं	गो भौ नं	श्रमिकको विवरण	कार्यक्रम	रकम (रु)
१	२१।०७८।३।२५	मिलन के सी समेत १० जना	मुख्यमन्त्री रोजगार कार्यक्रमः धनमाया स्मृति प्रतिष्ठान	१०९२००
२	२१।०७८।३।२५	भुवन के सी समेत १६ जना		१७५३६०
३	२१।०७८।३।२५	तिलसरा के सी समेत १६ जना		१७५३६०
४	२८।०७८।३।२५	शेर वहादुर ओलि समेत ५ जना	प्रदेश सरकारः डाँडा खर्सुपानी चौर टिला सडक निर्माण	३०८२५
५	२८।०७८।३।२५	जयराज ओलि समेत ८ जना		९६३७०

३२.२ गो भौ नं १।०७८।३।४ वाट भेरी खोला लघु जलविद्युत आयोजनालाई मर्मत कार्यको लागि रु १२११५९६।०० भुक्तानी भएको छ । पालिकावाट गत विगतमा भएको वजेट तथा खर्च खुल्ने विवरण राखेको नपाइनुका साथै लघू जलविद्यूतलाई उपलव्ध गराएको अनुदान अनुसार के कति सेवा सुविधामा वढोत्तरी भयो सो खुल्ने विवरण पेश भएन ।

३२.३ मुख्यमन्त्री रोजगार कार्यक्रमले अधिकाधिक वेरोजगारलाई रोजगारको अवसर दिने उद्वेश्य रहेकोमा यस कार्यालयवाट विभिन्न उपभोक्ता समितिलाई उपलव्ध गराएको अनुदानमा एकै ढुवानी व्यावसायी मात्र लाभान्वीत हुने गरी भुक्तानी भएको छ । एक स्थान देखि अर्को स्थानसम्मको दुरी र तौललाई आधार मानी स्थानीय नियकायले दररेट तय गर्नुपर्नेमा सो पनि गरेको नपाईएकोले ढुवानी खर्चहरु यथार्थ परक छन भनी यकिन गर्न सकिएन ।

३३			**प्रदेश सरकारवाट हस्तान्तरित कार्यक्रम ८०६५९४०३५०२** वागखोर सतिपोल लोटिवाङ्ग सडक निर्माण उपभोक्ता समितिलाई गो भौ नं १२।०७८।३।२४ वाट रु ९६२२४०।०० भुक्तानी गरेकोमा संलग्न विलभरपाई निम्नानुसार देखियोः	
३३.१			· डि सि सप्लायर्सलाई प्रतिघण्टा रु २९०८।४१ का दरले २०० घण्टाको रु ६५७०७४।०० भुक्तानी भैसके पछी पनि पुनः सोही कार्यको लागि हिमालय आयल स्टोरलाई डिजेल वापत रु ३६०७५२।०० भुक्तानी दिनु औचित्यपुर्ण देखिएन । · स्थानीय तहलेनै तय गरेको (यन्त्र उपकरण) डोजर स्क्याभेटरको खर्च दररेट सम्वन्धमा प्रति घण्टा एक्साभेटरलाई १५ लिटर लाग्ने नर्म्स तय गरेको छ । उपभोक्ता समितिले पेश गरेको विल अनुसार २०० घण्टाको लागि ३००० लिटर मात्र डिजेल आवश्यक पर्नेमा हिमालय आयल स्टोरवाट ३२२१ लिटर डिजेल खरिद गरी भुक्तानी दिएकोले नर्म्सभन्दा वढी २२१ लिटर डिजेल खर्चको प्रतिलिटर ९९.११ का दरले मुल्यअभिवृद्धि कर समेत दाखिला गर्नु पर्ने रु	२४,७५०
३३.२			कार्यालयले उपभोक्ता समितिलाई उपलव्ध गराएको रकमवाट सम्झौता अनुसार पूँजिगत कार्य, श्रमिक कार्य र ढुवानी खर्च हुनु पर्नेमा निम्नानुसारका उपभोक्ताले भुक्तानी भएको रकमको ४७ प्रतिशतसम्म ढुवानी खर्च भएको देखिएकोले यस्ता खर्चलाई स्थानिय तहले दुरी र तौलको आधारमा ढुवानी खर्च दिने गरी खर्च व्यवस्थित गर्नु पर्दछ । **गो भौ नं** | **उपभोक्ता समिति** | **सामाग्री** | **उपभोक्ता समितिको भुक्तानी रकम** | **भुक्तानी मध्ये ढुवानी खर्च** | **खर्च प्रतिशत** २६।०७८।३।२५ | जनहित आ वि माछ्मी मुसिकोट | ढुंगा, वालुवा, गिटि | १९४०००० | ३९३००० | २०.२५ २७।०७८।३।२५ | खौला सडक हुँदै सौरेनी सडक निर्माण | ढुंगा, वालुवा, गिटि | ३३९५००० | १५९८३०० | ४७	
३३.३			स्थानिय निकायले तय गरेको दररेट अनुसार उपभोक्ता समुहले निर्माण सामाग्री खरिद गर्नुपर्नु पर्दछ । स्थानीय तहको दररेट अनुसार ग्याविन वक्स २.१.१ साईजको रु ३०३१।१०, ३.१.१ को रु ४५१३।२७ र १.५.१.१ को रु २४७६।६६	१२३,९६९

https://nams.oag.gov.np

निम्नानुसारका उपभोक्ता समुहहरुले स्थानिय दररेट भन्दा वढी मुल्यमा निर्माण सामाग्री खरद गरेकोले वढी रकम दाखिला गर्नु पर्ने रु

गो भौ नं	उपभोक्ता समिति	ग्याविन वक्स संख्या	साइज	विल अनुसार भुक्तानी दर	वढी भुक्तानी
७।०७८।३।३१	जनकल्याण मावि अलक्चा, फिल्ड निर्माण	९८	२.१.१	३१६३।२६	१४६३५
		४७	३.१.१	४३९८।७८	६०७५
९।०७८।३।२३	चनखोला पाइले दोश्रो लघु जल विद्युत व आ	४४	२.१.१	३७५८।००	३६१४६
१३।०७८।३।२४	माछमी जि टि जेड देखि खैरेनी चौर शिव आवि सडक	२०	२.१.१	३१४१।००	२४८३
१३।०७८।३।२४	ज्ञानोदय मा वि लहु फिल्ड निर्माण	२५	२.१.१	३०३१।३४	१८७१
		९८	२.१.१	३१४१।५९	१२२३५
		४७	३.१.१	४५१३।२७	६०७५
२४।०७८।३।२५	डाँडा खर्सुपानीचौर	४५	२.१.१	३३८३।०९	१७८९८
		१०	१.५.१.१	२९५५।३०	५४०८
२५।०७८।३।३२	डाडा कुलेनी वुढापार्क टिला सडक उ स	४५	२.१.१	३३८३।०९	१७८९८
		६	१.५.१.१	२९५५।३०	३२४५
	जम्मा				१२३९६९

३३.४			पशुपति माध्यामिक विद्यालय मुसिकोट न पा २ लाई रु १९४००००।०० भुक्तानी भएकोमा संलग्न विल अनुसार जय हनुमान फिक्स चिम्नी ईट्टा उद्योग विजौरी दाङ्गवाट १९००० इट्टा रु २,३६,१७०।०० मा खरिद गरेको र उक्त सामाग्रिको ढुवानी भाडामा सामाग्रिको समेत मुल्य परे नपरेको नखुलाई रु १८१८३०।०० भुक्तानी दिईएको देखिन्छ । सवै सामाग्री स्थानीय निकायको दररेटलाई आधारमानी भुक्तानी दिनुपर्ने देखिन्छ ।	
३३.५			कार्यालयले जनविकास श्रमिक सहकारी संस्थालाई एक घर एक धारा निर्माणका लागि गो भौ नं २३।०७८।३।२५ वाट रु १९४००००।०० भुक्तानी गरेको छ । आयोजनाको लक्षित वर्गवाट सहभागी गराई उपभोक्ता समिति गठन गरी दिगो रुपमा एक घर एक धारा कार्यान्वयन गराउनु पर्नेमा सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ अनुसार नभएको श्रम सहकारीवाट काम गराउनु उपयुक्त देखिएन ।	
३४			**प्रकोप व्यवस्थापन कोषः** पालिकाले गत आर्थिक वर्षको रु १७८२३८१।०० कोभिड खर्चको रकम यस आर्थिक वर्षमा भुक्तानी दिएको छ ।कोषको रकम सम्वन्धित आर्थिक वर्षमै भुक्तानी गर्ने गर्नुपर्दछ । गत आर्थिक वर्षको भुक्तानी दिन वाँकी रु १७८२३८१।०० र यस आर्थिक वर्षमा कोभिड रोग नियन्त्रणका लागि निम्नानुसार रु २१९७२७६।०० समेत जम्मा रु ३९,७९,६५७।०० खर्च भएको छ । कोभिड नियन्त्रणकालागि खरिद भै उपयोग हुन वाँकी औषधि र उपकरणहरुको संरक्षण आवश्यकता अनुसार उपयोगको प्रवन्ध मिलाउनु पर्ने देखिन्छ । **भुक्तानी विवरण** — **भुक्तानी रकम** क्वारेन्टिन व्यवस्थापन सम्वन्धी सामाग्री — ८०४५९७।०० औषधि र उपकरण सम्वन्धी खर्च — ४९१७५९।०० खाना खाजा क्वारेन्टिन सम्वन्धी खर्च — ३४१८६३।०० तलव भत्ता आदिमा खर्च — ५५९०५७।०० **जम्मा** — **२१९७२७६।००**	
३५				

https://nams.oag.gov.np

अनुगमन तथा सम्परीक्षणः स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो बर्ष लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्ष सम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । सम्परीक्षणको व्यहोरा अनुसूचि १ मा उल्लेख छ ।

		(रु. हजारमा)
गत वर्षको सम्मको बेरुजू रु.	**यो वर्ष फछ्र्यौट**	**बाँकी बेरुजू**
153051	0	153051

३६

अद्यावधिक बेरुजू स्थितिः पालिकाको आर्थिक वर्ष २०७६।७७ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छः

(रु. हजारमा)

गत वर्षसम्मको बाँकी बेरुजू (A)	**यो वर्ष संपरीक्षण गरिएको बेरुजू**(B)	**यो वर्ष कायम बेरुजू**(C)	**संपरीक्षणबाट कायम बेरुजू**(D)	**अध्याविधक बाँकी बेरुजू**(E=A-B+C+D)	
153051	0	4584	0	157634	

लेखापरीक्षणमा संलग्न कर्मचारीको विवरण :

क्र.सं.	लेखापरीक्षणमा संलग्न कर्मचारी	पद	हस्ताक्षर
1.	श्री वनमाली पौडेल	लेखापरीक्षण अधिकारी	
2.	श्री छेत्रबहादुर थापा	लेखापरीक्षण अधिकारी	
3.	श्री विष्णु बहादुर राई	लेखापरीक्षण अधिक्षक	